उदयपुरगढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल
फोनं :
ईमेल:udayapurgadhirm@gmail.com

पत्र संख्याः- २०८१/०८२
मितिः-२०८१।०४।३१

चलानी नं. :-

## वैदेशिक रोजगार सन्तती छात्रबृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने बारेको सूचना ।

प्रस्तुत विषय, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालय बबरमहल, काठमाडौंको मिति २०८१।०४।३१ गतेको सूचना अनुसार वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पूर्ण रूपमा अशक्त वा गम्भिर विरामी भएका कामदारका छात्र छात्राहरूलाई बैदेशिक रोजगार छात्रवृत्तिका लागि आफू अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूचि (१) बमोजिमको ढाँचामा २०८१ असोज मसान्त भित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकायः-**

- आफू अध्ययनरत शैक्षिक संस्थामा अनुसूचि १ बमोजिमको ढाँचामा ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरूः-**

- श्रम स्वीकृतिलिई वैदेशिक रोजगारमा गई मृत्यु वा अङ्ग भङ्ग वा विरामी भई वैदेशिक रोजगार वोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी ।
- सामुदायिक वा संस्थागत विद्यालयमा अध्यनरत विद्यालय स्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरहदेखि कक्षा १२ सम्म ) का १८ वर्ष मुनिका बालकालिकाहरूले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८१ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८१ को छात्रवृत्ति उपलब्ध गराईने छ ।

**निवेदनसाथ सम्लग्न गर्नु पर्ने कागजातहरूः-**

१. निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
२. वैदेशिक रोजगारमा गई मृत्यू भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
४. वैदेशिक रोजगारमा गई सोहिक्रममा अशक्त भएका कामदारको पूर्णरूपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
५. विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि ।
६. निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि ।
७. विद्यार्थी वा संरक्षकको बैंकखाता खुल्ने कागजात (चेक बुक) को प्रतिलिपि ।
८. सम्बन्धित स्थानीय तहको सिफारिस ।
९. शिक्षा समितिको निर्णय एवं सम्बन्धित स्थानीय तहको सिफारिस ।

**शैक्षिक सत्र २०८० मा आवश्यक सबै** कागजात नपुगी **भुक्तानी हुन नसकेका छात्र छात्रा** हकमा :-
अपुग आवश्यक कागजात सहित शिक्षा शाखा वा रोजगार सेवा केन्द्रमा पुनः निवेनद दिने

**छात्रवृत्तिको सीमाः-**

१. वार्षिक रूपमा आधारभूत तहका लागि रु. १२०००।– (बाह्र हजार) र माध्यमिक तहका लागि रू. १६०००।– (सोह्र हजार) प्रदान गरिने छ ।
२. एकजना विद्यार्थीलाई एउटा कक्षामा एक पटकका लागि मात्र बार्षिक रूपमा छात्रवृत्ति उपलब्ध गराईनेछ ।

**नोटः- छात्रवृत्ति फारम रोजगार सेवा केन्द्र, उदयपुरगढी गाउँपलिका वा सचिवालयको वेवसाईट** www.feb.gov.np **वाट प्राप्त गर्न सकिनेछ ।**

सन्तोष कुमार कार्की
रोजगार संयोजक
उदयपुरगढी गा.पा.

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२
(कार्यविधिको दफा ७ (३) संग सम्बन्धित)
विद्यालयको सिफारिसको ढांचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,  मिति:
.................................पालिका , ......................।

विषयः सिफारिस सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहारूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र.स. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजातहरू</u>

(१) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
(२) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(३) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(४) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
(५) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(६) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>
नाम थरः
ठेगानाः
सम्पर्क नं.
कक्षाः
रोल नं.

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

श्री प्रधानाध्यापकज्यू मितिः

………………………………

**विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुबा/आमा) नाताको ……………………………………………… वैदेशिक रोजगारीका सिलसिलामा मिति ……………………… मा …………………… देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश परेको छु।

संलग्न कागजातहरू

(१) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,
(२) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(३) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(४) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
(५) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(६) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

नाम थरः

ठेगानाः

सम्पर्क नं.

कक्षाः

रोल नं.